शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्या : ४ मितिः- २०८१/०७/२३ (अतिरितांक)

भाग — २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## टोल शिक्षा समित गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०८१

सम्बत २०८१ को कार्यविधि नं. ४ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/२३

प्रस्तावनाःशुद्धोधन गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सिकाई प्रक्रियामा सहज वातावरण सिर्जना गरी सुधार गर्न प्रत्येक टोलमा टोल शिक्षा समिति गठन गरी अभिभावकहरुलाई विद्यार्थीहरुको सिकाई प्रति जिम्मेवार गराउन बान्छनिय देखिएकोले शुद्धोधन गाउँकार्यपालिकाले यो "टोल शिक्षा समिति गठन तथा परिचालन सम्बन्धि कार्यविधि -२०८१" जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम टोल शिक्षा समिति गठन तथा परिचालन कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भइ प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ।

(३) यो कार्यविधि शुद्धोधन गाउँपालिका अर्न्तगतका सामुदायिक विद्यालयमा लागु हुनेछ।

२. परिभाषाः (१) विषय प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) अध्यक्ष भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(ख) प्रमुख प्रशासकीय अधिकृत भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ग) समिति भन्नाले दफा ३ बमोजिम गठित टोल शिक्षा समिति सम्झनु पर्दछ।

(घ) शिक्षा समिति भन्नाले शुद्धोधन गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनुपर्दछ।

(ङ) कार्यालय भन्नाले शुद्धोधन गाउँपालिकाको कार्यालय सम्झनुपर्दछ।

(च) विद्यालय भन्नाले टोल शिक्षा समिति गठन एवम् परिचालन गर्ने (टोल शिक्षा समिति अर्न्तगतका बालबालिका अध्ययन गर्ने) विद्यालय सम्झनुपर्दछ।

(छ) अभिभावक भन्नाले कुनै सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गरेको व्यक्ति सम्झनुपर्दछ। (जस अनुसार विद्यालय अनुसार अभिभावक पनि फरक-फरक हुनेछन्।)

३. टोल शिक्षा समिति गठन तथा परिचालनः (१) सामुदायिक विद्यालयले गाउँपालिकाको समन्वयमा आफ्नो विद्यालयमा बाल विकास तह देखि माध्यमिक तह सम्म अध्ययन गर्ने विद्यार्थीहरुका अभिभावक सदस्य रहने गरी आफ्ना विद्यार्थी रहेका प्रत्येक टोलमा टोल शिक्षा समिति गठन गर्न सक्नेछ।

(२) टोल शिक्षा समितिको गठन देहाय बमोजिम हुनेछः

(क) टोल रहेका (कुनै एक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका) अभिभावकहरुले आफूमध्येबाट छानी पठाएको १ जना संयोजक

(ख) अभिभावकहरु मध्ये कम्तिमा २ जना महिला पर्ने गरी अभिभावकहरुले आफूमध्येबाट छानी पठाएका ४ जना सदस्य

(ग) सम्बन्धित टोल विकास समितिको अध्यक्ष १ जना सदस्य

(घ) सम्बन्धित विद्यालयले तोकेको शिक्षक सदस्य- सचिव

४. टोल शिक्षा समितिको काम कर्तव्य र अधिकारः

(क) टोलमा रहेका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने गराउने।

(ख) विद्यार्थीहरुलाई नियमित रुपमा विद्यालय पठाउने।

(ग) आफ्नो टोलका बालबालिकाहरुमा अनुशासन कायम राख्ने।

(घ) विद्यार्थीहरुको सिकाई सुधार सम्बन्धमा विद्यालयसँग छलफल गर्ने।

(ङ) बालबालिकाहरुलाई उचित परामर्श दिने।

(च) सिकाई सुधार सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने।

५. टोल शिक्षा समितिको बैठक महिनामा २ पटक बस्नेछ।

६. टोल शिक्षा समितिको बैठक संयोजक र सदस्य-सचिवको सल्लाह बमोजिम मासिक रुपमा (शुक्रबार वा शनिवार) बस्नेछ।

७. निर्देशन दिने सक्नेः टोल शिक्षा समितिलाई विद्यार्थीहरुको सिकाई सुधार सम्बन्धमा कार्यालय वा विद्यालयले आवश्यक निर्देशन दिन सक्नेछ।

८. विद्यालयप्रति उत्तरदायी हुनेः प्रत्येक टोल शिक्षा समिति बालबालिकाहरुको सिकाई, बैठक सञ्चालन आदि कार्यमा सम्बन्धित विद्यालयप्रति उत्तरदायी हुनेछ।

९. कार्यविधिमा संशोधनः गाउँपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार कुनै संशोधन तथा हेरफेर गर्न सक्नेछ।

१०. कानुन बमोजिम हुनेः यस कार्यविधिमा उल्लेखित कुनै कुरा प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म कानुन बमोजिम हुनेछ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१/०७/२३

आज्ञाले

विष्णु बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत